# साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्र

१. विभिन्न तहका संघीय ईकाईहरुमा सरकारी कामकाजको भाषा

- उपलब्ध तथ्यांकको आधारमा विभिन्न भाषाहरुको पहिचान र भाषिक विविधताको अध्ययन,
- भाषिक भौगोलिकताको अध्ययन,
- भाषिक जनसंख्याको अध्ययन,
- विभिन्न जाति र सामाजिक संगठनहरुको भाषा सम्बन्धी नीति, धारणा र अभ्यासको अध्ययन,
- सम्पर्क भाषाहरुको बारेमा अध्ययन विश्लेषण,
- अन्य आवश्यक कुराहरु समेतको अध्ययन, अनुसन्धान गरी केन्द्रदेखि विभिन्न तहका संघीय ईकाईहरुमा सरकारी कामकाजको भाषा पहिचान ।

२. अन्य राष्ट्र भाषा र संस्कृतिको संरक्षण

(क) अन्य राष्ट्र भाषाको संरक्षण र विकास

- मातृभाषाहरुको संरक्षण, सम्वर्द्धन, विकास र प्रयोगका सम्बन्धमा अध्ययन, विश्लेषण,
- मातृभाषामा शिक्षाको अभ्यास र विस्तृत संभाव्यता अध्ययन,
- लोपोन्मुख मातृभाषाहरुको पहिचान, संरक्षण र विकासका उपायहरु बारे अध्ययन, विश्लेषण,
- भाषाहरुको अनुसन्धान, विकास, संरक्षण, सम्वर्द्धन र प्रयोगको सम्बन्धमा अध्ययन एवं विश्लेषण ।

(ख) संस्कृतिको संरक्षण र विकास

- विभिन्न जातजाति, भाषाभाषी तथा धर्मावलम्बीहरुको रीतिरिवाज, चाडपर्व, संस्कार इत्यादिको संरक्षण, सम्वर्द्धन तथा विकासका विषयहरु,
- विभिन्न भौगोलिक स्थानहरुमा छरिएर रहेका साँस्कृतिक विविधताका साथै धार्मिक स्थल, संरचनाहरु (मन्दिर, विहार, बहाल, गुम्बा, मस्जिद, गिर्जाघर आदि) लगायत आस्थाका अन्य केन्द्रहरुको संरक्षण विकास एवं सम्वर्द्धनका विषयहरु,
- विभिन्न अल्पसंख्यक तथा लोपोन्मुख समुदायहरुको संस्कृतिको संरक्षण सम्वर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान एवं अन्य आवश्यक विषयहरु,
- विभिन्न धार्मिक आस्था एवं साँस्कृतिक महत्वका विषयहरुका साथै पुरातात्विक विषयको संरक्षण र सम्वर्द्धन,
- जातीय ऐतिहासिकता, परम्परागत शिप र ज्ञानको संरक्षण सम्वर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान र अन्य आवश्यक विषयहरु,

३. भाषा सम्बन्धी अन्य विषय

- लिपि(ब्रेल र सांकेतिक समेत), साहित्य र संगीत(सबै भाषा र विधा)को अध्ययन अनुसन्धान एवं संरक्षण, सम्वर्द्धन र विकास ।

४. सामाजिक ऐक्यबद्धताको आधार निर्माण

- आधारभूत मानव अधिकारको संरक्षण गर्दै धार्मिक, भाषिक, साँस्कृतिक सामान्जस्यताका आधारमा सामाजिक ऐक्यबद्धाताका आधारहरुको पहिचान,
- धार्मिक, भाषिक, सामाजिक, जातिय र साँस्कृतिक समानताको प्रत्याभूतिका साथै विद्यमान विभेदकारी कुरीतिहरुको अन्त्य गरी समय सापेक्षरुपमा सामाजिक ऐक्यबद्धताको आधार निर्धारण
- धर्मनिरपेक्षता र साँस्कृतिक आधारमा सामाजिक ऐक्यवद्धताका आधारहरुको पहिचान
- भाषा र जीवनशैलीको आधारमा बनेका विभिन्न संस्कृतिहरुको बीचमा रहेका साझा विषय वस्तुहरुको पहिचान,
- एक–अर्का बीच रहेको विभिन्नताहरुलाई सकारात्मक रुपमा स्वीकार गर्ने वातावरण तयार गर्न आधार निर्माण,
- भूमि र त्यस भित्रको प्राकृतिक स्रोत, सम्पदालाई मुख्य आधार मानी त्यस क्षेत्रका जाती वा समुदायको अन्योन्याश्रित जीवनका सम्बन्धहरुको उजागर गर्दै सबैको अधिकारको सुनिश्चितता हुनु पर्ने ।

विषयवस्तुका अन्य क्षेत्रहरु

- चित्रकला, मूर्तिकला, वास्तुकला, काष्ठकला लगायतका सबै खाले कलाका विषयवस्तुहरुको विविध पक्ष,

# साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यतालिका

| समितिले गर्ने काम | समय | कैफियत |
|---|---|---|
| १. सभापतिको निर्वाचन ।<br>२. समितिको कार्यक्षेत्रको पहिचान ।<br>३. आवश्यक विशेषज्ञ सेवाको क्षेत्र पहिचान गरी कार्यविवरण(TOR) को निर्माण गरी कार्यव्यवस्था परामर्श समितिमा प्रस्तुत ।<br>४. कार्यतालिका निर्माण गरी अन्तिम रुप दिने ।<br>५. कार्यतालिका अध्यक्ष समक्ष प्रस्तुत । | २०६५/९/1 देखि ०६५/९/१५ | |
| १. साँस्कृतिक र सामाजिक ऐक्यबद्धताका आधारहरुको सम्वन्धमा व्यापक छलफल, विचार विमर्श गर्ने, नागरिक समाज, विशेषज्ञ र आम नागरिकबाट राय सुझाव लिने ।<br>२. उल्लेखित विषयहरुमा स्वदेश साथै विभिन्न देशहरुको अभ्यास र अनुभवको अध्ययन भ्रमण* ।<br>३. विभिन्न गोष्ठी, छलफल कार्यक्रम, अन्तक्रिया, अभिमुखिकरण कार्यक्रमहरुको संचालन ।<br>४. माथि उल्लेखित कार्यक्रमहरुबाट प्राप्त राय, सल्लाह र सुझाव समेतका आधारमा अवधारणा पत्र तयार गर्ने । | २०६५/९/१५ देखि २०६५/११/१५ | |
| अवधारणा पत्रको आधारमा समितिले प्रारम्भिक मस्यौदा तयार गर्ने । | २०६५/११/१५ देखि २०६६/१/१० सम्म | |
| १. आफ्नो प्रतिवेदनमाथि संविधान सभामा छलफल ।<br>२. संविधान सभामा भएको छलफलमा उठेका विषयहरुको बुदाँ टिपोट । | २०६६/१/११ देखि जेठ महिना भर | संविधान सभा सचिवालयले बुदाँ टिपोट गर्ने । |

* वैदेशिक अध्ययन भ्रमणका लागि प्रस्तावित तालिका यसैसाथ संलग्न छ ।

साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्र सम्वन्धि विषयहरु र संविधानमा समावेश गर्नु पर्ने विषयवस्तुका बारेमा अध्ययन भ्रमणका लागि उपयुक्त मुलुकहरु :–

| देश | विषय र कारण |
|---|---|
| इण्डोनेशिया | संघीय राज्य र धेरै भाषाको मिश्रण गरेर वहासा इण्डोनेशिया वनाइएकोले |
| पपुवा न्यू गिनी | सयकडौं भाषाहरु सरकारी काम काज र शिक्षामा प्रयोग भएकोले |
| क्यानाडा | संघीय राज्य र भाषागत समस्या भएकोले |
| दक्षिण अफ्रिका | संघीय राज्य र विभिन्न भाषाहरु भएकोले |
| स्विटजरलैण्ड | संघीय राज्य र बहु सम्पर्क भाषा एवं तिन्को सरकारी काम काजमा प्रयोग |
| जर्मनी | संघीय राज्य र भाषा सम्वन्धि विषय |
| पूर्व सोभियत संघका गणराज्यहरु | संघीय राज्य असफल हुनुका कारणहरु (भाषिक र साँस्कृतिक सवाल) |
| युगोस्लाभिया | संघीय राज्य असफल हुनुका कारणहरु (भाषिक र साँस्कृतिक सवाल) |
| इजरायल | मृत भएको भाषा (हिब्रु) जीवन्त भएको उदाहरण र विभिन्न क्षेत्रबाट आएका संस्कृति एकिकरण भएको उदाहरण |
| मौरिसस | भाषा र संस्कृतिको समावेशीकरण |
| फिजी | भाषा र संस्कृतिको समावेशीकरण |
| भारत | नेपालको छिमेकी वहुभाषिक देश |
| चीन | ठूलो जाति भित्र सानो जातिहरुको पनि अस्तित्व भएको । आत्म निर्णयको अधिकार दिदाँ दिदै प्रान्तिय स्वायत्त शासन र केन्द्रिकित शासन व्यवस्था |

## सुझाव :–

### विशेषज्ञ सेवाको पहिचान

भाषाविद्
मानवशास्त्री
समाजशास्त्री
संस्कृतिविद्
राजनीतिशास्त्री
दर्शनशास्त्री
इतिहासविद्
भूगोलविद्
कलाविद् (चित्रकला, मूर्तिकला, वास्तुकला, काष्ठकला आदि)
जातिय सामाजिक संस्थाका प्रतिनिधि
विभिन्न धर्मगुरु
मौलिक सम्पदाको संरक्षण सम्बन्धी विशेषज्ञ
जातिय सामाजिक संस्थाका प्रतिनिधिहरु – भेषभूषा सम्बन्धी
माथी उल्लेखित विषयहरु सँग सम्बन्धित अन्य विज्ञहरु

# साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यतालिका

| क्र.सं. | समितिले गर्नु पर्ने कार्यहरुको विवरण | सञ्चालन हुने गतिविधि | आवश्यक औजार (TOOLS) | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. | सभापतिको निर्वाचन | | | २०६५ ९ १ देखि २०६५ ९ १५ सम्म | सभापतिको निर्वाचन अध्यक्षले तोकेको दिन गरिने । |
| २. | समितिको कार्यक्षेत्रको पहिचान[1] । | समितिका सदस्यहरु बीच छलफल गर्ने ।<br><br>कार्यक्षेत्रको पहिचानका लागि उप समितिको गठन गर्ने । | | | |
| ३. | समितिको कार्यक्षेत्र भित्र पर्ने विषयमा विशेषज्ञ सेवाको क्षेत्र पहिचान गरी कार्य विवरण (TOR) सहित कार्यव्यवस्था समितिमा प्रस्तुत[2] । | विशेषज्ञ सेवाको क्षेत्र पहिचानका लागि समितिको कार्यक्षेत्र सम्बन्धी विषयमा समितका सदस्यहरु बीच छलफल गर्ने ।<br><br>कार्यविवरण (TOR) को निर्माण गर्ने । | | | |
| ४. | कार्यतालिकालाई अन्तिम रुप दिई | कार्यतालिका निर्माण गरी | | | |

[1] समितिको कार्यक्षेत्र भित्र पर्ने विषयको विवरण यसै साथ संलग्न छ ।
[2] विशेषज्ञ सेवाको क्षेत्र सहितको कार्यविवरण (TOR) यसै साथ संलग्न छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| | अध्यक्ष समक्ष प्रस्तुत | अन्तिम रुप दिन समितिका सदस्यहरु वीच छलफल एवं विचार विमर्श गर्ने । | | | |
| ५. | समितिको कार्यक्षेत्र अन्तर्गत पहिचान गरिएका विषयहरुका सम्बन्धमा छलफल र विचार विमर्श । | पहिचान गरिएका विषयवस्तुहरुमा आधारित भई समितिका सदस्यहरु वीच प्रारम्भिक छलफल ।<br><br>नागरिक समाज तथा आम नागरिकवाट सुझाव संकलनका लागि विषयवस्तुका सम्बन्धमा समितिमा विचार विमर्श गर्ने । | सम्वन्धित विषयमा लेखिएका पुस्तक, लेख आदि ।<br>सम्वन्धित विषयमा रहेका तथ्याङ्क, सुचना आदि । | | |
| ६. | विशेषज्ञहरु संग छलफल परामर्श तथा राय सुझाव संकलन । | विशेषज्ञहरुसँग सम्वन्धित विषयमा समितिमा छलफल गर्ने । | | २०६५ ९.१५ देखि २०६५ ११.१५ सम्म | |
| | | विशेषज्ञहरुवाट प्राप्त राय सुझावहरु उपर विशेषज्ञहरु सहित समितिमा छलफल गरी परिमार्जित गर्ने । | | | |
| ७. | समितिको कार्यक्षेत्र अन्तर्गत पहिचान गरिएका विषयवस्तुका सम्वन्धमा नागरिक समाज तथा आम नागरिकवाट राय सुझावको संकलन । | समितिको कार्यक्षेत्रसँग सम्वन्धित विषयमा कार्यरत नागरिक समाजको पहिचानका लागि | रेकर्ड गर्ने सामाग्री | | |

[3] अध्ययन भ्रमणका लागि गरिएका मुलुकहरुको नामावली र छनौट गर्नुको कारण सम्वन्धि विवरण यसै साथ संलग्न गरिएको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | समितिमा छलफल गर्ने । नागरिक समाज तथा आम नागरिकबाट राय सुझाव संकलन गर्न समितिका सदस्यहरु विभिन्न स्थानको स्थलगत भ्रमणमा जाने । राय सुझाव संकलनका लागि अन्य प्रभावकारी उपायको पहिचान र व्यवस्था गर्ने । | कम्प्युटर, वेवसाइट निर्माण आदि । | | अभिमूखिकरण कार्यक्रम समितिको कार्यमा खटिएका सहयोगी कर्मचारीलाई समेत सञ्चालन गर्न उपयुक्त हुने । |
| ८. | समितिको कार्यक्षेत्र अन्तर्गत पहिचान गरिएका मूलभूत विषयहरुका सम्बन्धमा विभिन्न मूलुकको अभ्यास र अनुभवको अध्ययन[३] । | वैदेशिक अध्ययन भ्रमणका क्रममा जानकारी लिनु पर्ने आधारभूत विषयवस्तु र पक्षका बारेमा समितिमा छलफल गर्ने । | | | |
| ९. | गोष्ठी, छलफल, अन्तर्रक्रिया तथा अभिमूखिकरण तालिमको सञ्चालन । | गोष्ठी, छलफल, अन्तर्रक्रिया वा अभिमूखिकरण कार्यक्रमहरुका लागि उपयुक्त एवं आवश्यक विषयवस्तुका बारेमा समितिमा छलफल गर्ने ।<br><br>गोष्ठी, छलफल, अन्तर्रक्रिया वा अभिमूखिकरण कार्यक्रमका लागि उपयुक्त स्थान र समयको पहिचान गर्ने । | रेकर्ड गर्ने सामाग्री । अन्य आवश्यक भौतिक सामाग्री | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | उल्लीखित माध्यमबाट प्राप्त राय सुझाव र जानकारी समेतका आधारमा अवधारणा पत्र तयार गर्ने । | प्राप्त राय सुझाव वा सूचना उपर समितिमा छलफल ।<br><br>समितिमा व्यापक विचार विमर्श र छलफल गर्ने ।<br><br>अवधारणा पत्रको तयारीका लागि आवश्यकता अनुसार उपसमितिको निर्माण गर्ने ।<br><br>अवधारणाको मस्यौदा उपर छलफल गरि अन्तिम रुप दिने । | | | |
| ११. | अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदाको तयारी । | मस्यौदामा समावेश गर्नु पर्ने आधारभूत विषयवस्तुका सम्बन्धमा समितिमा छलफल गर्ने।<br><br>आवश्यकता अनुसार उपसमितिको गठन गर्ने ।<br><br>विज्ञहरुसँग छलफल र विचार विमर्श गर्ने ।<br><br>प्रारम्भिक मस्यौदाको निर्माण भैसकेपछि पून | | २०६५ ११ १५ देखि २०६६ १ १० सम्म | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समितिमा छलफल गरी परिमार्जित गर्ने ।<br><br>प्रारम्भिक मस्यौदालाई अन्तिम रुप दिने । | | | |
| १२. | कार्यक्षेत्रमा केन्द्रित रही अवधारणा पत्रको आधारमा तयार गरिएको प्रारम्भिक मस्यौदालाई समितिको प्रतिवेदन सहित संविधान सभा समक्ष प्रस्तुत । | | | | |
| १३.<br><br>१४. | समितिको प्रतिवेदनमाथि संविधान सभामा छलफल ।<br><br>संविधान सभाको छलफलमा उठेका विषयहरुको बुँदा टिपोट । | | | २०६६/१/११ देखि २०६६ जेष्ठ महिना सम्म | समितिको सचिवालयले बुँदा टिपोट गर्ने । |

## साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्र अन्तर्गत विशेषज्ञ सेवाको कार्यविवरण (TOR)

| क.सं. | विशेषज्ञ सेवाको क्षेत्र | विशेषज्ञले सम्पादन गर्नु पर्ने मुख्य कार्यहरु | अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | भाषाविद् | नेपालमा रहेका मातृभाषा लगायत विभिन्न भाषाहरुको बारेमा जानकारी उपलब्ध गराउने ।<br><br>नेपालको भाषिक विविधता र भौगोलिकताको बारेमा जानकारी दिने ।<br><br>लोपोन्मुख मातृभाषा लगायत अन्य भाषहरुको संरक्षण, सम्वर्द्धन र विकासका उपायहरु बारे सुझाव दिने ।<br><br>केन्द्र देखि विभिन्न तहका संघीय इकाइहरुका सरकारी कामकाजको भाषा पहिचानका आधारहरु सहित प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञवाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| २. | समाजशास्त्री | नेपाली समाजको ऐतिहासिकता, आधारभूत विशेषता र मूल्य मान्यताका बारेमा जानकारी उपलब्ध गराउने ।<br><br>आर्थिक, सामाजिक सम्वन्धहरुको बारेमा उजागर गर्ने ।<br><br>जिवनशैलीका आधारमा रहेका साझा विषयवस्तु र कार्यात्मक सम्वन्धहरुको पहिचान गर्ने ।<br><br>सामाजिक ऐक्यबद्धताका मूलभूत आधारहरु सहित प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञवाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| ३. | मानवशास्त्री | नेपाली समाजमा जातजाति सम्बन्धी अवधारणा, जातीय सम्वन्ध र विविधताको बारेमा जानकारी दिने | २०६५ साल माघ २० गते सम्म | |

| | | | | |
|---|---|---|---|---|
| ४. | संस्कृतिविद् | नेपालका विभिन्न जातजाति, भाषाभाषी तथा धर्मावलम्बीहरुको रीतिरिवाज, चाडपर्व, संस्कार आदि जस्ता मौलिक संस्कृतिको संरक्षण र सम्वर्द्धनका उपाय बारे सुझाव दिने ।<br><br>विभिन्न क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्विकहरुका विषय र सम्पदाहरुको संरक्षण र सम्वर्द्धनका उपायहरुबारे सुझाव दिने ।<br><br>लोपोन्मुख संस्कृतिको संरक्षण र सम्वर्द्धन सहित सांस्कृतिक सामञ्जस्यताका उपायहरु बारे प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञवाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट प्रति उपलव्ध हुनु पर्ने । |
| ५. | कलाविद् | नेपालमा रहेका विविधकला(चित्रकला, मूर्तिकला, वास्तुकला, काष्ठकला आदि) को विद्यमान स्थिति र संरक्षण, सम्वर्द्धनका उपायहरुबारे जानकारी दिने ।<br><br>विभिन्न जातजातिहरुका मौलिक कलाको पहिचान र संरक्षणका उपाय बारे सुझाव दिने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञवाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट प्रति उपलव्ध हुनु पर्ने । |
| ६. | इतिहासविद् | नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक ऐतिहासिकता र परिवर्तनको प्रक्रियाका आधारभूत पक्षहरुको वारेमा जानकारी दिने<br><br>विभिन्न ऐतिहासिक घटनाक्रमहरुले नेपाली समाजको आर्थिक सामाजिक र सांस्कृतिक पक्षमा पारेको प्रभाव बारे उजागर गर्ने ।<br><br>ऐतिहासिक पक्षहरुका आधारमा नेपालको सामाजिक, साँस्कृतिक, भाषिक Restructuring का सन्दर्भमा विचार गर्नु पर्ने मुलभूत विषयहरुका वारेमा सुझाव दिने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञवाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट प्रति उपलव्ध हुनु पर्ने । |
| ७. | भूगोलविद् | विभिन्न भाषिक, साँस्कृतिक समूदायको भौगोलिक क्षेत्रसँगको अन्तरसम्वन्धका वारेमा उजागर गर्ने ।<br><br>भाषिक, साँस्कृतिक भौगोलिकताको विद्यमान अवस्थितिका आधारमा सामाजिक ऐक्यवद्धताका आधारहरुको पहिचान गर्ने | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञवाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट प्रति उपलव्ध हुनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ८. | दर्शनशास्त्री | नेपाली समाजका विद्यमान विभिन्न मूल्य मान्यता र निनीहरुको सम्बन्धका बारेमा उजागर गर्ने ।<br><br>विभिन्न कुरीति र प्रथा, परम्पराको अभ्यास एवं अनुसरण हुनु पछाडिको आधारभूत कारण र त्यस्ता पक्षहरुलाई हटाउने आधारहरुको बारेमा सुझाव दिने ।<br><br>विभिन्न मूल्य मान्यता पछाडिको मनोवैज्ञानिक पक्ष र त्यसलाई हटाई सामाजिक ऐक्यवद्धताको आधार निर्माण गर्ने विषयहरुको पहिचान गरी प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| ९. | मौलिक सम्पदाको संरक्षण सम्बन्धि विशेषज्ञ | नेपालमा रहेका विभिन्न परम्परागत ज्ञान (Traditional Knowledge) मौलिक पहिचान सम्बन्धी विषयहरुका बारेमा उजागर गर्ने ।<br><br>परम्परागत ज्ञानको संरक्षण, सम्बर्द्धन र विकासका आधारहरुको बारेमा सुझाव दिने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| १०. | राजनीतिशास्त्री | विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय विविधताको राजनैतिक विचारधारासँग हुने अन्तरसम्बन्धको बारेमा उजागर गर्ने ।<br><br>भाषिक तथा सांस्कृतिक संरक्षणको माध्यमबाट सामाजिक ऐक्यवद्धता कायम गर्ने राजनीतिक उपायहरुको पहिचान गर्ने ।<br><br>भाषा, जीवनशैली र भौगोलिक विविधताको सामान्जस्यताका आधारमा सामाजिक ऐक्यवद्धता कायम हुने राजनैतिक आधारहरुका बारेमा उजागर गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | कार्यक्षेत्रमा केन्द्रित रही अवधारणा पत्रको आधारमा तयार गरिएको प्रारम्भिक मस्यौदालाई समितिको प्रतिवेदन सहित संविधान सभा समक्ष प्रस्तुत । | समितिमा छलफल गरी परिमार्जित गर्ने ।<br><br>प्रारम्भिक मस्यौदालाई अन्तिम रुप दिने । | | | |
| १३.<br><br>१४. | समितिको प्रतिवेदनमाथि संविधान सभामा छलफल ।<br><br>संविधान सभाको छलफलमा उठेका विषयहरुको बुँदा टिपोट । | | | २०६६/१/११ देखि २०६६ जेष्ठ महिना सम्म | समितिको सचिवालयले बुँदा टिपोट गर्ने । |

# साँस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समितिको कार्यक्षेत्र अन्तर्गत विशेषज्ञ सेवाको कार्यविवरण (TOR)

| क्र.सं | विशेषज्ञ सेवाको क्षेत्र | विशेषज्ञले सम्पादन गर्नु पर्ने मुख्य कार्यहरु | अवधि | कैफियत |
|---|---|---|---|---|
| १. | भाषाविद् | नेपालमा रहेका मातृभाषा लगायत विभिन्न भाषाहरुको बारेमा जानकारी उपलब्ध गराउने ।<br><br>नेपालको भाषिक विविधता र भौगोलिकताको बारेमा जानकारी दिने ।<br><br>लोपोन्मुख मातृभाषा लगायत अन्य भाषहरुको संरक्षण, सम्बर्द्धन र विकासका उपायहरु बारे सुझाव दिने ।<br><br>केन्द्र देखि विभिन्न तहका संघीय इकाइहरुका सरकारी कामकाजको भाषा पहिचानका आधारहरु सहित प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| २. | समाजशास्त्री | नेपाली समाजको ऐतिहासिकता, आधारभूत विशेषता र मूल्य मान्यताका बारेमा जानकारी उपलब्ध गराउने ।<br><br>आर्थिक, सामाजिक सम्बन्धहरुको बारेमा उजागर गर्ने ।<br><br>जिवनशैलीका आधारमा रहेका साझा विषयवस्तु र कार्यात्मक सम्बन्धहरुको पहिचान गर्ने ।<br><br>सामाजिक ऐक्यबद्धताका मूलभूत आधारहरु सहित प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| ३. | मानवशास्त्री | नेपाली समाजमा जातजाति सम्बन्धी अवधारणा, जातीय सम्बन्ध र विविधताको बारेमा जानकारी दिने | २०६५ साल माघ २० गते सम्म | |

| | | | | |
|---|---|---|---|---|
| ४. | संस्कृतिविद् | नेपालका विभिन्न जातजाति, भाषाभाषी तथा धर्मावलम्बीहरुको रीतिरिवाज, चाडपर्व, संस्कार आदि जस्ता मौलिक संस्कृतिको संरक्षण र सम्वर्द्धनका उपाय बारे सुझाव दिने ।<br><br>विभिन्न क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्विकहरुका विषय र संरचनाहरुको संरक्षण र सम्वर्द्धनका उपायहरुबारे सुझाव दिने ।<br><br>लोपोन्मुख संस्कृतिको संरक्षण र सम्वर्द्धन सहित सांस्कृतिक सामन्जस्यताका उपायहरु बारे प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट प्रति उपलब्ध हुनु पर्ने । |
| ५. | कलाविद् | नेपालमा रहेका विविधकला(चित्रकला, मूर्तिकला, वास्तुकला, काष्ठकला आदि) को विद्यमान स्थिति र संरक्षण, सम्वर्द्धनका उपायहरुबारे जानकारी दिने ।<br><br>विभिन्न जातजातिहरुका मौलिक कलाको पहिचान र संरक्षणका उपाय बारे सुझाव दिने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट प्रति उपलब्ध हुनु पर्ने । |
| ६. | इतिहासविद् | नेपालको आर्थिक, सामाजिक, साँस्कृतिक ऐतिहासिकता र परिवर्तनको प्रक्रियाका आधारभूत पक्षहरुको बारेमा जानकारी दिने<br><br>विभिन्न ऐतिहासिक घटनाक्रमहरुले नेपाली समाजको आर्थिक सामाजिक र सांस्कृतिक पक्षमा पारेको प्रभाव बारे उजागर गर्ने ।<br><br>ऐतिहासिक पक्षहरुका आधारमा नेपालको सामाजिक, साँस्कृतिक, भाषिक Restructuring का सन्दर्भमा विचार गर्नु पर्ने मुलभूत विषयहरुका बारेमा सुझाव दिने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट प्रति उपलब्ध हुनु पर्ने । |
| ७. | भूगोलविद् | विभिन्न भाषिक, साँस्कृतिक समूदायको भौगोलिक क्षेत्रसँगको अन्तरसम्बन्धका बारेमा उजागर गर्ने ।<br><br>भाषिक, साँस्कृतिक भौगोलिकताको विद्यमान अवस्थितिका आधारमा सामाजिक ऐक्यवद्धताका आधारहरुको पहिचान गर्ने | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट प्रति उपलब्ध हुनु पर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ८. | दर्शनशास्त्री | नेपाली समाजका विद्यमान विभिन्न मूल्य मान्यता र तिनीहरुको सम्बन्धका बारेमा उजागर गर्ने ।<br><br>विभिन्न कुरीति र प्रथा, परम्पराको अभ्यास एवं अनुसरण हुनु पछाडिको आधारभूत कारण र त्यस्ता पक्षहरुलाई हटाउने आधारहरुको बारेमा सुझाव दिने ।<br><br>विभिन्न मूल्य मान्यता पछाडिको मनोवैज्ञानिक पक्ष र त्यसलाई हटाई सामाजिक ऐक्यवद्धताको आधार निर्माण गर्ने विषयहरुको पहिचान गरी प्रतिवेदन पेश गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| ९. | मौलिक सम्पदाको संरक्षण सम्बन्धि विशेषज्ञ | नेपालमा रहेका विभिन्न परम्परागत ज्ञान (Traditional Knowledge) मौलिक पहिचान सम्बन्धी विषयहरुका बारेमा उजागर गर्ने ।<br><br>परम्परागत ज्ञानको संरक्षण, सम्वर्द्धन र विकासका आधारहरुको बारेमा सुझाव दिने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |
| १०. | राजनीतिशास्त्री | विभिन्न भाषिक, साँस्कृतिक तथा जातीय विविधताको राजनैतिक विचारधारासँग हुने अन्तरसम्वन्धको बारेमा उजागर गर्ने ।<br><br>भाषिक तथा साँस्कृतिक संरक्षणको माध्यमबाट सामाजिक ऐक्यवद्धता कायम गर्ने राजनीतिक उपायहरुको पहिचान गर्ने ।<br><br>भाषा, जीवनशैली र भौगोलिक विविधताको सामान्जस्यताका आधारमा सामाजिक ऐन्यबद्धता कायम हुने राजनैतिक आधारहरुका बारेमा उजागर गर्ने । | २०६५ साल माघ २० गते सम्म | विशेषज्ञबाट प्रस्तुत हुने प्रतिवेदनको हार्ड तथा सफ्ट् प्रति उपलब्ध हुनु पर्ने । |